# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, चैत्र २७ गते, २०७९ साल (संख्या ७१

## भाग ३

### नेपाल सरकार

### खानेपानी मन्त्रालयको

### सूचना

### <u>मेलम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०७९</u>

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "मेलम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०७९" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले समितिमा दफा ७ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "परियोजना" भन्नाले मेलम्ची खानेपानी परियोजना सम्झनु पर्छ र सो शब्दले अन्य सम्भाव्य स्रोतहरूबाट काठमाडौं उपत्यकामा खानेपानी ल्याउने परियोजनालाई समेत जनाउँछ ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको खानेपानी मन्त्रालय सम्झनु पर्छ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र समितिको सदस्य-सचिवलाई समेत जनाउँछ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको मेलम्ची खानेपानी विकास समिति सम्झनु पर्छ।

(ज) “सामाजिक उत्थान कार्यक्रम सञ्चालन समिति” भन्नाले संस्था दर्ता ऐन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०३४ बमोजिम देहायका जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका देहायका समिति सम्झनु पर्छ :-

(१) जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकमा संवत् २०६६ साल फागुन १२ गते दर्ता भएको ह्याल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम सञ्चालन समिति,

(२) जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकमा संवत् २०६८ साल जेठ २ गते दर्ता भएको याङ्ग्री लार्के स्थानीय सरोकार समिति,

(३) जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकमा संवत् २०७० साल भदौ ३१ गते दर्ता भएको सिन्धुपाल्चोक, इन्द्रावती-मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम सञ्चालन समिति, र

(४) जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकमा संवत् २०७१ साल भदौ २३ गते दर्ता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको मण्डन उपत्यका सामाजिक उत्थान समाज ।

३. **<u>समितिको गठन</u> :** (१) परियोजना सम्बन्धी कामको लागि मेलम्ची खानेपानी विकास समिति नामको एक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) सचिव, खानेपानी मन्त्रालय -अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(ग) परियोजनाबाट पानी वितरण हुने काठमाडौं उपत्यका भित्रको महानगरपालिका वा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मध्येबाट मन्त्रालयले तोकेको प्रमुख प्रशासकीय अधिकृत एक जना -सदस्य

(घ) परियोजना सञ्चालन भएका स्थानीय तहका प्रमुख वा अध्यक्ष मध्येबाट मन्त्रालयले तोकेको स्थानीय तहको प्रमुख वा अध्यक्ष एक जना -सदस्य

(ङ) कार्यकारी निर्देशक, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड -सदस्य

(च) सामाजिक उत्थान कार्यक्रम सञ्चालन समितिले आफूहरु मध्येबाट छानेर पठाएको त्यस्ता समितिको अध्यक्ष वा सदस्य एक जना -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) कार्यकारी निर्देशक -सदस्य-सचिव

४. **समितिको बैठक सम्बन्धी कार्यविधि** : (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा बहत्तर घण्टा अगावै सदस्यहरुलाई दिनु पर्नेछ। त्यस्तो सूचना विद्युतीय माध्यमबाट समेत दिन सकिनेछ।

(४) उपदफा (३) बमोजिम पठाइने सूचनाको साथमा बैठकमा छलफल हुने विषयको सूची समेत उपलब्ध गराउनु पर्नेछ।

(५) समितिको कूल सदस्य सङ्ख्याको एकाउन्न प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) समितिको बैठकको निर्णयमा उपस्थित सबै सदस्यले हस्ताक्षर गरी राख्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) काठमाडौं उपत्यकामा आवश्यक पर्ने पानी आपूर्ति गर्न मेलम्चीको अतिरिक्त अन्य सम्भाव्य स्रोतको पहिचान गर्ने,

(ख) खण्ड (क) बमोजिम पहिचान भएका स्रोतको सम्बन्धित स्थानीय तहसँग समन्वय गरी व्यवस्थापन योजना बनाउने,

(ग) काठमाडौं उपत्यकामा सार्वजनिक, घरेलु, औद्यौगिक, वातावरणीय वा अन्य उपयोगका लागि खानेपानी वितरण गराउनका लागि परियोजना कार्यान्वयन गर्न परियोजनाको लागत इस्टिमेट स्वीकृत गर्ने, बोलपत्र आव्हान गर्ने तथा कानून बमोजिमको प्रक्रिया पूरा गरी बोलपत्र स्वीकृत गर्ने,

(घ) परियोजना कार्यान्वयन सम्बन्धमा नीति निर्धारण गर्ने,

(ङ) परियोजनाको काम कारबाही ठिकसँग भए नभएको निरीक्षण गर्ने तथा निरीक्षण गर्दा कुनै सुधार गर्न आवश्यक देखिएमा सुधार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने वा सुधार गर्न सम्बन्धित व्यक्तिलाई निर्देशन दिने,

(च) परियोजना प्रभावित क्षेत्रमा सामाजिक उत्थान तथा विकासका कार्यक्रम सञ्चालन गर्ने वा गराउने,

(छ) पानीको स्रोत र प्रभावित क्षेत्रका स्थानीय तहमा सामाजिक उत्थान तथा विकासका कार्यक्रम सञ्चालन गर्न सम्बन्धित स्थानीय तहको सिफारिस तथा सामाजिक उत्थान कार्यक्रम सञ्चालन समितिको परामर्शमा कार्यक्रम छनौट गरी स्वीकृत गर्ने,

(ज) समितिको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(झ) समितिलाई आवश्यक पर्ने परामर्शदाता नियुक्त गर्ने,

(ञ) समितिको वार्षिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने,

(ट) तोकिए बमोजिम अन्य काम गर्ने।

६. **सामाजिक उत्थान तथा विकास कार्यक्रम** : (१) परियोजना सञ्चालन भएका स्थानीय तहमा समितिले स्वीकृत गरेका सामाजिक उत्थान तथा विकासका कार्यक्रम सञ्चालन गर्न समितिले सम्बन्धित स्थानीय तहलाई रकम उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम सामाजिक उत्थान तथा विकास कार्यक्रम सञ्चालन गर्न उपलब्ध गराईएको रकम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित स्थानीय तहले सम्बन्धित सामाजिक उत्थान कार्यक्रम सञ्चालन समितिसँग सम्झौता गरी सो समिति मार्फत कार्यान्वयन गरिने सामाजिक उत्थान तथा विकासका कार्यक्रममा खर्च गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यक्रममा स्थानीय आदिवासी तथा जनजाति समेतको सहभागिता रहने गरी प्रचलित कानूनको अधीनमा रही स्थानीय तहको समन्वयमा सञ्चालन गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सञ्चालन भएका सामाजिक उत्थान तथा विकास कार्यक्रमको काम कारबाहीको सम्बन्धमा सम्बन्धित स्थानीय तहले अनुगमन तथा निरीक्षण गर्नेछ।

(५) समितिले आवश्यकता अनुसार सामाजिक उत्थान तथा विकास कार्यक्रमको काम कारबाहीको सुपरीवेक्षण गर्न सक्नेछ ।

(६) उपदफा (४) बमोजिम स्थानीय तहबाट अनुगमन तथा निरीक्षण गर्दा वा उपदफा (५) बमोजिम सुपरिवेक्षण गर्दा कुनै काम कारबाहीलाई सुधार गर्नु पर्ने देखिएमा सम्बन्धित स्थानीय तह वा समितिले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सामाजिक उत्थान कार्यक्रम सञ्चालन समितिको कर्तव्य हुनेछ ।

(७) सामाजिक उत्थान कार्यक्रम सञ्चालन समितिले समितिको सहयोगी संस्थाको रूपमा काम गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. **कार्यकारी निर्देशक** : (१) समितिको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य सञ्चालन गर्न समितिमा एक जना कार्यकारी निर्देशक रहनेछ ।

(२) नेपाल सरकारले सङ्घीय निजामती सेवाको इन्जिनियरिङ सेवा, सिभिल समूह, स्यानिटरी उपसमूहको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत मध्येबाट कार्यकारी निर्देशक खटाउनेछ।

(३) कार्यकारी निर्देशकको सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार:** यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ख) समितिको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) समितिको दैनिक कार्यको व्यवस्थापन, सुपरीवेक्षण, अनुगमन तथा निरीक्षण गर्ने,

(घ) परियोजनाको प्रमुख भई काम गर्ने,

(ङ) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वयकर्ताको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रुपमा काम गर्ने र समस्या समाधान गर्न आवश्यक सहयोग गर्ने,

(च) तोकिए बमोजिम अन्य काम गर्ने।

९. <u>**कर्मचारी सम्बन्धी व्यवस्था**</u> **:** (१) समितिको कार्यसम्पादनको लागि समितिमा आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन् ।

(२) समितिको कर्मचारीले कुनै कारणबाट अवकाश पाएमा उक्त पद स्वतः खारेज हुनेछ।

(३) समितिको कार्यसम्पादनको लागि कुनै कर्मचारी आवश्यक परेमा समितिको अनुरोधमा नेपाल सरकारले सङ्घीय निजामती सेवाको कुनै कर्मचारीलाई काजमा खटाउन सक्नेछ ।

(४) समितिका कर्मचारीको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. <u>**समितिको कोषः**</u> (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछनः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा सङ्घ संस्थाबाट प्राप्त रकम,

(घ) समितिले आफ्नो सेवाबाट आर्जन गरेको रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम समितिलाई प्राप्त हुने रकम नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त "क" वर्गको बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(५) समितिको खाता तथा कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**११. <u>समितिको लेखा तथा लेखा परीक्षण</u>** : (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ ।

(२) समितिले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) समितिको आन्तरिक लेखा परीक्षण महालेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(४) नेपाल सरकारले समितिको आय व्ययको लेखा, तत् सम्बन्धी कागजात, नगदी र जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जँचाउन सक्नेछ।

**१२. <u>उपसमिति वा कार्यदल गठन गर्न सक्ने</u>** : (१) समितिले आफ्नो कार्य सुचारू रुपमा सम्पादन गर्नको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको कार्यक्षेत्रगत शर्त तथा कार्याविधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाका बखत समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**१३. <u>निर्देशन दिन सक्ने</u>:** (१) मन्त्रालयले समितिलाई परियोजना निर्माण तथा कार्यान्वयनको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१४. <u>अधिकार प्रत्यायोजन</u> :** (१) समितिले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष तथा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१५. <u>बैठक भत्ता</u>:** अध्यक्ष तथा सदस्यले समितिको बैठकमा भाग लिए बापत नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन्।

**१६. <u>वार्षिक प्रतिवेदन</u>** : (१) समितिले एक आर्थिक वर्षमा समितिबाट भएका प्रमुख कार्य, समितिको वार्षिक नीति, योजना र कार्यक्रमको कार्यान्वयनको स्थिति र त्यसको उपलब्धि तथा लागत, समितिबाट भएको वार्षिक खर्चको विवरण तथा तोकिए बमोजिमका अन्य विवरण खुलाई प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालयले विद्युतीय माध्यमबाट समेत सार्वजनिक गर्नु गराउनु पर्नेछ ।

**१७.** **नेपाल सरकारसँग सम्पर्क:** समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

**१८.** **समितिको कार्यालय** : समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

**१९.** **नियम बनाउने अधिकार:** यो आदेश कार्यान्वयन गर्न समितिले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यस्ता नियमहरु नेपाल सरकारबाट स्वीकृत भए पछि मात्र लागू हुनेछन् ।

**२०.** **कार्यविधि बनाउने अधिकार:** सामाजिक उत्थान कार्यक्रम सञ्चालन सम्बन्धमा समितिले आवश्यक कार्यविधि बनाउन सक्नेछ।

**२१.** **खारेजी र बचाउ**: (१) मेलम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०५५ खारेज गरिएको छ।

(२) मेलम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०५५ बमोजिमको समितिबाट भए गरेका कार्यहरु यसै आदेश अनुसार भए गरेको मानिनेछ।

(३) मेलम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०५५ बमोजिम गठित समितिको नाममा रहेको चलअचल सम्पत्ति तथा दायित्व र तत् सम्बन्धी सम्पूर्ण अभिलेख तथा कागजात यस आदेश बमोजिमको समितिमा सर्नेछ ।

(४) मेलम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०५५ बमोजिमको समितिमा नियुक्त भएका कर्मचारी यसै आदेश बमोजिम नियुक्त भएका मानिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) मेलम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०५५ बमोजिमको समिति विरुद्धका मुद्दा र सो समितिले गरेका मुद्दा भए यसै आदेश बमोजिमको समितिमा सर्नेछ ।

**आज्ञाले,**
**ई.मणिराम गेलाल**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।